कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौडा, नेपाल

# कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मितिः२०८१/०७/०६

प्रदेशको कृषि तथा पशुपन्छी क्षेत्रमा साना तथा मझौला खालका कृषि उद्यमहरुको विकास तथा प्रवर्द्धन गरी रोजगारीका अवसरहरु सिर्जना गर्न तथा कृषि श्रमको उत्पादकत्व वृद्धि एवं कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न वाञ्छनीय भएकोले, प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "**कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१**" रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"आवेदक"** भन्नाले कार्यक्रममा समावेश हुन प्रस्ताव पेश गरेका निजी कृषि फर्म/कम्पनी र कृषक/कृषिउद्यमी सम्झनु पर्दछ ।

(ख) **"उद्यम"** भन्नाले जीविकाका लागि गरिने उपार्जन वा कुनै उद्देश्य पूरा गर्नका लागि गरिने शारीरिक परिश्रम, सिर्जनात्मक आर्थिक क्रियाकलाप, व्यवसाय तथा उद्योगलाई सम्झनुपर्छ ।

(ग) **"उद्यमशिलता"** भन्नाले कुनै व्यवसाय, उद्योग वा उद्यम संचालनको प्रक्रियालाई सम्झनुपर्छ ।

(घ) **"कृषि उद्यमी"** भन्नाले आय आर्जन गर्ने उद्देश्यले कृषि तथा पशुपन्छी उद्योग, व्यवसाय वा उद्यम संचालन गर्ने व्यक्ति वा समूहलाई सम्झनुपर्दछ ।

(ङ) **"कार्यक्रम"** भन्नाले कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रमलाई सम्झनुपर्छ ।

(च) **"कार्यालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश मातहतका कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्र हेर्ने जिल्लास्तरका कार्यालयहरु सम्झनुपर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशलाई सम्झनुपर्छ ।

(ज) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनुपर्छ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद- २

## कार्यक्रम संचालन प्रक्रिया

३. **सूचना प्रकाशनः**कार्यालयले इच्छुक साझेदार संस्थाबाट अनुसूची १ बमोजिमको ढाँचामा न्यूनतम २१ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ ।

४. **प्रस्ताव पेश गर्नेः**कार्यक्रममा संलग्न हुन इच्छुक आवेदकले अनुसूची-२ बमोजिमको निवेदनका साथ सूचनामा उल्लेखित कागजातहरु, अनुसूची ३ बमोजिमको प्रस्ताव र अनुसूची ४ बमोजिमको प्रतिबद्धता पत्र सहित कार्यालयमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

५. **मूल्याङ्कन समितिः**(१) पेश हुन आएका प्रस्तावहरु मूल्याङ्कनको लागि कार्यालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| (क) प्रमुख वा निजले तोकेको अधिकृत, कार्यालय | संयोजक |
| (ख) विषयसँग सम्बन्धित अधिकृत, कार्यालय | सदस्य |
| (ग) अधिकृत प्रतिनिधि, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, कार्यालय | सदस्य |
| (ङ) प्रमुख, खरिद इकाई, कार्यालय | सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा २ जनासम्म विषयसँग सम्बन्धित विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क)समितिले प्राप्त प्रस्ताव उपर अनुसूचि-५ बमोजिम तथा आवश्यकता अनुसार सूचना प्रकाशन पूर्व मापदण्डको थप विस्तृतिकरण गरी प्रस्तावहरुको मूल्याकंन गर्न सक्नेछ ।

ख) समितिले प्रस्ताव आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गरी मूल्याकंन गर्नु पर्नेछ ।

ग) स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही प्रस्तावहरुको मूल्याकंन तथा प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यालयमा सिफारिस गर्नुपर्नेछ।

(४) समितिबाट मूल्याङ्कन भई प्राप्त भएका प्रस्तावहरुलाई कार्यालयले स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

६.**सम्झौता प्रक्रियाः**(१) छनौट भएका साझेदारलाई कम्तीमा ७ दिनको म्याद दिई सम्झौताको लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) कार्यक्रम संचालनका लागि छनौट भएका साझेदारले कार्यालयसँग अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ। सम्झौता गर्नु अघि साझेदारले अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नु

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

पर्नेछ। समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमशः वैकल्पिक प्राथमिकतामा रहेका आवेदकहरुसँग सम्झौता गर्न सकिनेछ।

७. <u>सञ्चालन गरिने क्रियाकलापः</u>(१)यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम देहाय बमोजिमका बाली/वस्तु तथा मूल्य शृंखलाका क्षेत्रहरुमा सञ्चालन गर्न सकिनेछ।

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण
(ख) बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण
(ग) च्याउको व्यवसायिक उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण
(घ) भौगोलिक सम्भाव्यता अनुसारका फलफूल बालीहरुको व्यवसायिक उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण
(ङ) अदुवा, बेसार लगायतका मसलाबालीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण
(च) मौरीपालन व्यवसाय र मह प्रशोधन
(छ) रैथाने बालीहरुको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण
(ज) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण
(झ) प्राङ्गारिक कृषि निर्यात
(ञ) बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय
(ट) संरक्षित संरचना भित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण
(ठ) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, भण्डारण तथा निर्यात
(ड) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण
(ढ) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय
(ण) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन
(त) स्थानीय कुखरापालन व्यवसाय
(थ) अण्डा सम्वन्धी व्यवसाय

(२) उपदफा (१) मा उल्लेखित क्रियाकलापहरु मध्ये उपयुक्त क्रियाकलापहरु समावेश गरी अनुसूची ३ बमोजिमको ढाँचामा इच्छुक साझेदार संस्थाले प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ । उल्लेखित क्रियाकलापहरुको अलावा अन्य कुनै नविनतम तथा सृजनात्मक क्रियाकलापहरु समेत प्रस्ताव गर्न सकिनेछ ।

## परिच्छेद-३

## <u>आर्थिक पक्ष</u>

८. <u>अनुदानको सीमा तथा भुक्तानी प्रक्रियाः</u>(१)सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ। प्रति आवेदकलाई अधिकतम दुई लाख रुपैयाँ भन्दा बढी भुक्तानी गरिने छैन। पुँजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा कुल लागतको बढीमा



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

८० प्रतिशत तथा चालु प्रकृतिका उत्पादन सामग्री तथा मेशिनरी औजार खरिदमा बढीमा ५० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(२)कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता,आदिमा खर्च गरिनेछ।

(३) सम्झौता बमोजिमका कार्यक्रमहरु संचालन गर्दा सामग्रीहरु प्रचलित खरिद ऐन नियम बमोजिम कार्यालयले खरिद गरि अनुदानित मूल्यमा साझेदारलाई उपलब्ध गराउन सक्नेछ भने पुँजीगत प्रकृतिका पूर्वाधार निर्माण कार्य साझेदार वा लाभग्राही संस्था माफर्त गराउन सकिनेछ। तर यसरी साझेदार वा लाभग्राही संस्था मार्फत निर्माण कार्य गराउँदा साझेदारले सो कार्य आफैले नगरी अन्य कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन सक्ने छैन । निर्माण कार्यमा अन्य संस्थालाई संलग्न गराएको पाइएमा उक्त सम्झौता रद्द गरी प्रचलित कानुन वमोजिम कारवाही गरिनेछ ।

(४) कार्य सम्पन्न प्रतिवेदन, बील, भर्पाई, कार्य सम्पन्नको फोटोहरु र प्राविधिकको सिफारिसमा साझेदारको बैक खाता मार्फत भुक्तानी गरिनेछ।

## परिच्छेद-४
## विविध

९. दोहोरोपना नहुने:यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाहरुसँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल उपर गरिनेछ ।

१०. अनुगमन तथा मूल्याङ्कन:(१) कार्यक्रमको अनुगमन मन्त्रालय र निर्देशनालयले आवश्यकता अनुसार गर्न सक्नेछ ।

(२) अनुगमन गर्दा स्वीकृत कार्ययोजना र अनुगमन सूचकलाई आधार मानी गर्नु पर्नेछ र सोको प्रतिवेदन अनिवार्य रुपमा निर्देशनालयमा बुझाउनु पर्नेछ ।

११. कारबाहीको व्यवस्था:साझेदारले सम्झौता बमोजिम प्राप्त रकम तथा सामाग्रीहरु लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२.संशोधन : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवशयक संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१३.प्रचलित कानून बमोजिम हुने :यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

मानानीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

**अनुसूची-१**

**(दफा ३ संग सम्बन्धित)**

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
...................... निर्देशनालय
........................ कार्यालय

सूचना नं.: सूचना प्रकाशित मिति :

**कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (नमूना)**

...................... कार्यालयको चालु आ.व................ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/कृषि फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् (मिति...........गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही वा आवेदक | कार्यक्रम संचालन हुने जिल्ला | सम्बन्धित स्वीकृत कार्यविधिको नाम | साझेदारी रकम |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | निजी कृषि फर्म/कृषक /कृषि उद्यमी | .............. | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ | प्रति साझेदार अधिकतम रु. २ लाख |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग एक बर्षे बालीको हकमा कम्तीमा ५ वर्षका लागि र बहुबर्षे बाली उत्पादन तथा बहु बर्षे बालीको हकमा २० बर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि) ।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।
(६) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचयपत्रको प्रतिलिपि ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

**अनुसूची -२**
**(दफा ४ सँग सम्बन्धित)**
**निवेदनको ढाँचा**

मितिः ..................

श्रीमान प्रमुखज्यू,

.................. ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस कार्यालयको मिति................मा प्रकाशन गरिएको **कृषि/पशुपन्छी उद्यमशीलता विकास कार्यक्रममा** सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN), गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,
४. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्र वा भाडामा जग्गा लिएकोसम्झौता पत्र)
५. अनुसूची -३ अनुसारको प्रस्ताव
६. अनुसूची -४ बमोजिमको प्रतिवद्धता पत्र

निवेदक
दस्तखतः
नाम थरः
पदः
सम्पर्क नः
मितिः
संस्थाको छापः

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास
हेटौंडा, नेपाल

अनुसूची -३

(दफा ४ सँग सम्बन्धित)

प्रस्ताव

१. प्रस्तावकको नाम :

२. कार्यक्रम संचालन गर्ने ठेगाना :....................जिल्ला.....................न.पा./गा.पा.......वडा नं..................टोल

३. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी विवरण (बाली/वस्तु/मूल्य श्रृंखलाको क्षेत्र):

४. प्रस्तावित कार्यक्रम संचालनको मुख्य उद्देश्य :

५. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी अनुभव ......... वर्ष

६. प्रस्तावित कार्यक्रम संचालन हुने क्षेत्रफल/संख्या :

७. प्रस्तावित कार्यक्रमको कुल लागत रु.:

८. हाल प्रस्तावकसंग उपलब्ध श्रोत-साधन तथा पूर्वाधारहरुको विवरण:

९. हाल सम्बन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा

हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्या:

वार्षिक उत्पादन परिमाण: .................................. वार्षिक आम्दानी :–......................................................

हाल संचालित क्रियाकलापहरुको फोटोहरु:

१०. कार्यक्रम संचालन पश्चातको अनुमानित उत्पादकत्व:..............................वार्षिक आम्दानी ...............

११. प्रस्तावकको खाता रहेको बैंक खाता सम्बन्धी विवरण :

१२. प्रस्तावकको स्थायी लेखा नं सम्बन्धी विवरण :

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१३. कार्यक्रम संचालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| क्र.सं. | क्रियाकलाप | इकाई | परिणाम | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लागत अनुमान तथा सो सम्वन्धी विस्तृत विवरण |
| १ १. | | | | | | | |
| १ २. | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नुपर्नेछ । |
| २ १. | | | | | | | |
| २ २. | | | | | | | |
| ३ | उत्पादन सामाग्री | | | | | | मल बीउ वा स-साना औजारहरु, ज्यालाहरु |
| ३ १. | | | | | | | |
| ३ २. | | | | | | | |
| ३ ३. | | | | | | | |
| | जम्मा | | | | | | |

१४. कार्यक्रम स्थलमा सिंचाईको व्यवस्था छ/छैन...... छ भने सिंचाईको किसिम...................................

१५. कार्यक्रम संचालन हुने स्थल सडकसंग जोडिएको छ/छैन..... छ भने सडकको किसिम........................

१६. कार्यक्रम संचालन स्थलमा विद्युतको व्यवस्था छ/छैन...........

१७. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन : ........................................................................प्रति वर्ष
- रोजगारी सिर्जना : ................................................ जना

१८. कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्याः प्रत्यक्ष............ अप्रत्यक्ष.................

१९. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(क) आवश्यकता र औचित्यः

(ख) कार्यक्रम संचालन हुने स्थान र क्षेत्रफल सम्बन्धी विवरणः

(ग) कार्यक्रमबाट उत्पादन हुने वस्तुको सूची र अनुमानित परिमाणः

(घ) कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारीकरण प्रक्रियाः

(ङ) कार्यक्रमबाट उत्पादन हुने वस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्बन्धी विवरणः

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| साक्षी | निवेदक |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| फोन नंः. | फोन नंः. |
| मिति : | मिति : |

छाप ...............

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -४
(दफा ४ सँग सम्बन्धित)
<u>प्रतिबद्धता पत्र</u>

............................को मिति.............................को सूचना अनुसार **कृषि/पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम**मा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

<u>आनुदानग्राहीको तर्फबाट</u>
नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
मितिः
छापः

दायाँ

बाँया

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

**अनुसूची-५**

**(दफा ५ (३) संग सम्बन्धित)**

**प्रस्ताव मूल्यांकन समितिबाट गरिने मूल्यांकनको ढाँचा**

लाभग्राही छनौट मूल्याङ्कन मापदण्ड (नमूना)

| क्र.सं. | सूचकाङ्क आधार | अधिकतम सम्भाव्य अङ्क |
|---|---|---|
| अ. | प्रमुख मापदण्ड (६५) | |
| १. | प्रस्तावित कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित स्थानीय उद्यमी | ५ |
| २. | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० |
| ३. | सामाजिक एवं लैङ्गिक सहभागिता (महिला, पुरुष, दलित, जनजाती आदि) | ५ |
| ४. | प्रस्तावित कार्यले उत्पादन वृद्धि, प्रशोधन र बजारीकरणमा पुग्ने सहयोग | २५ |
| ५. | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | ५ |
| ६. | प्रस्तावित बाली/वस्तुको भौगोलिक तथा प्राविधिक सम्भाव्यता | १५ |
| आ. | सहायक मापदण्ड (३५) | |
| १. | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | ५ |
| २. | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएको वा प्राप्त नगरेको | ५ |
| ३. | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता | १० |
| ४. | प्रस्तावित कार्यको सृजनात्मकता एवम् नवीनता | ५ |
| ५. | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ |
| ६. | प्रस्तावित कार्य बजारको माग एवं आवश्यकता अनुरुप रहेको/नरहेको | ५ |

निवेदन नं. सूचना नः

| क .सं. | प्रस्ताव पेश गर्ने | प्राप्ताङ्क | | जम्मा प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रमुख मापदण्ड (६५) | सहायक मापदण्ड (३५) | | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

*नोटः कोष्ठको अंकले अधिकतम जनाउँछ।*

प्रस्ताव मुल्याङ्कन समितिका सदस्यहरुका नाम र दस्तखतः

| क्र.स. | नाम | दस्तखत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

आमन्त्रित सदस्यः

मितिः

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची-६
(दफा ६ (२) संग सम्बन्धित)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## सम्झौता पत्रको ढाँचा

......................कार्यालय (यस पछिको पहिलो पक्ष भनिएको) र ............जिल्ला ............गा.पा./न.पा. वडा नं. ................ ठेगाना र ना.प्र.प.नं...................रहेको.................................श्री ................(यस पछि दोस्रो पक्ष भनिएको)................................... कार्यालयबाट मिति .................गते स्वीकृत भएको प्रस्ताव /कार्यक्रम नं ........... मा उल्लेख भएका क्रियाकलापहरु तपशिल अनुसारको शर्त पालना हुने गरी कार्यक्रम संचालन गर्न मञ्जुर भई यो सम्झौता गरेका छौं।

१. यो सम्झौता, सम्झौता भएको मिति .............................. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना / इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति.............. साल.......... महिना ............... गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ ।
२. यस सम्झौता बमोजिमको निर्माण तथा मर्मत संभार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्थालाई दिन पाईने छैन।
३. सम्झौता बमोजिमको कार्य सम्पादनका लागि पहिलो पक्ष मार्फत, अनुदान स्वरुप रु. .............(अक्षरुपी ..............................) र दोस्रो पक्षको लागत रु. ........................(अक्षरुपी ................................) व्यहोरिनेछ। पहिलो पक्षले भुक्तानी गर्ने अनुदान रकम प्रस्तावित क्रियाकलाप बमोजिमको कार्य सम्पन्न प्रगति तथा स्थगलत अनुगमन तथा निरीक्षणका आधारमा अन्तिममा शोधभर्ना वापत उपलब्ध गराउनेछ।
४. दोस्रो पक्षले सम्झौता बमोजिमको पूर्वाधार निर्माण तथा मर्मत संभारको लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ। यस्तो देखिएमा सम्झौता रद्द गर्न सकिनेछ।
५. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ र अनुगमन निरीक्षणका क्रममा सहयोग गर्नुपर्नेछ।
६. स्वीकृत प्रस्ताव बमोजिम दोश्रो पक्षले संचालन गर्न चाहेको क्रियाकलाप तथा लागत विवरण खुलाई सर्वसाधारण सबैले देखे गरी होडिङ्ग बोर्ड राखे जिम्मेवारी दोश्रो पक्षको हुनेछ।
७. दोस्रो पक्षले सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य सम्झौता अवधि तथा कार्यक्रम संचालन भएको आ.ब. भित्र सम्पन्न गर्नुपर्नेछ ।
८. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिँदा प्रथम पक्ष समक्ष बिल पेश भएको मितिले पन्ध्र दिन भित्र सम्बन्धित दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी दिइनेछ ।
९. दोस्रो पक्षको लापर्वाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जम्मेवारी दोस्रो पक्षले लिनेछ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१०. दोश्रो पक्षले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुनेछैन ।

११. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिमको मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य पूर्ण रुपमा सम्पन्न गरी संचालनमा ल्याउनेछ।

१२. सम्झौता बमोजिमको लागत सहभागिता सम्बन्धी कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन अनुरुप हस्तान्तरण भैसकेपछि भविष्यमा सो को मर्मत सम्भार सम्बन्धि कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

१३. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१५. स्वीकृत प्रस्ताव अनुसार कार्यालयबाट उपलब्ध गराइएको अनुदान सहयोग दोश्रो पक्षबाट दुरुपयोग भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

| | |
|---|---|
| <u>पहिलो पक्ष</u> | <u>दोस्रो पक्ष</u> |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |
| छाप : | छाप : |
| <u>रोहवर</u> | |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री